# सञ्चालन अनुमति प्राप्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

## शोधपत्र

**शोधकर्ता**
जीवनकुमार राई
क्याम्पस क्रमाङ्क १५९/०६५/०६६
परीक्षा क्रमाङ्क २१८००७२/०६७
त्रि.वि. दर्ता नं. १४६९१-९४

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७३

शोधपत्र पेस गरेको मिति
वि.सं. २०७३/०३/१०
ई.सं. २४ जुन, २०१६

शोधपत्र भाइभा मिति
वि.सं. २०७३/०४/१४
ई.सं. २९ जुलाई, २०१६

# प्रतिबद्धता-पत्र

प्रस्तुत **सञ्चालन अनुमति प्राप्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन** शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरू यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत् कोही र कसैमाथि पर्नजाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

....................
जीवनकुमार राई
शोधार्थी

मिति : २०७३/०३/०८
(२२ जुन, २०१६)

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय


प.सं. :
च.नं.:

मिति : २०७३/०३/१०
(२४ जुन, २०१६)

## सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र **जीवनकुमार राईले सञ्चालन अनुमति प्राप्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन** शीर्षकमा मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

श्री विमल नेपाल
शोध निर्देशक

☎०२५-५८१३००
५८००६४

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

मिति : २०७३/०३/२३

## स्वीकृति पत्र

यस क्याम्पसका एम.एड.दोस्रो वर्ष २०६७ का शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत सि.नं. २१८००७२ का शोधार्थी जीवनकुमार राईले **सञ्चालन अनुमति प्राप्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन** शीर्षकमा तयार पारेको शोध प्रतिवेदन स्नातकोत्तर तहको उपाधीका लागि उपयुक्त ठहरिएकाले बाह्य मूल्याङ्कन गरिएको छ ।

शोध मूल्याङ्कन समिति

टोलनाथ काफ्ले
उप-प्राध्यापक

.....................
विभागीय प्रमुख

विमल नेपाल

......................
शोध निर्देशक

.......................
वाह्य सुपरिवेक्षक

मिति : २०७३/०३/२३

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र लेखन कार्य पूर्व शीर्षक चयन अनि प्रस्तावना लेखन लगायत अन्य विविध पक्षमा आफ्नो व्यस्तता बाबजुत अमुल्य समय, सहयोग लगायत प्रेरणा प्रदान गर्नु हुने शोध निर्देशक आदरणीय गुरु उप-प्राध्यापक श्री विमल नेपालप्रति प्रथमतः हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस विषय शीर्षकमा अध्ययन गर्न अनुमति प्रदान गर्ने शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख प्राध्यापक श्री टोलनाथ काफ्ले तथा प्राध्यापक वेणु सिटौलाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

उचित सल्लाह अनि शोध अनुसन्धानका लागि प्रस्तावित स्रोतकेन्द्र चिसापानीका स्रोतव्यक्ति श्री अरुण कुमार शर्माप्रति आभार व्यक्त गर्दै प्रस्तावित स्रोतकेन्द्र अन्तर्गतका संचालन अनुमति मात्र प्राप्त सामुदायिक प्राथमिक विद्यालयका प्र.अ.हरू प्रति पनि हृदयबाटै धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र लेखनका क्रममा अध्ययन गरिएका पुर्व साहित्य, सन्दर्भग्रन्थ, लेख रचनाका लेखकहरू साथै श्री जनता वहुमुखी क्याम्पसका मलाई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू एवम् कम्प्युटर टाइपिङ्गमा सहयोग पुऱ्याउनुहुने श्री विपिन निरौला र शुद्धाशुद्धी र सेटिङ मिलाई सहयोग गर्नुहुने नेहा कम्प्युटर्स इटहरी-५ की रञ्जना अधिकारीलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

जीवनकुमार राई

२०७३/०३/८
(२२ जुन, २०१६)

## शोधसार

प्रस्तुत शोधपत्र सञ्चालन अनुमति प्राप्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन शीर्षक रहेको छ । यस शोधपत्रका मुख्य उद्देश्यहरू सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको अवस्था पहिचान गर्नु, आर्थिक स्रोत व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरू खोजी गर्नु, आर्थिक स्रोत व्यवस्थापनमा देखा परेका समस्याहरू पत्ता लगाउनु र आर्थिक स्रोत व्यवस्थापनका समस्या समाधानका उपायहरू खोजी गर्नु रहेका छन् ।

यस शोधपत्र तयार गर्ने सन्दर्भमा सरकारी खर्चको सिद्धान्तको प्रतिपादक फिन्डले सिराजको सार्वजनिक खर्चको सिद्धान्तलाई आधार मानी अध्ययन अनुसन्धान गरिएको छ । यहाँ सञ्चालन अनुमति प्राप्त विद्यालयको सरकारी तथा निजी स्रोतका आम्दानीका विभिन्न शीर्षक तथा उपशीर्षकहरू रहने अवधारणात्मक खाका अनुसार अध्ययनलाई अगाडि बढाउँदै शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र तयार पार्नका निम्ति आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्न प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन प्रक्रिया अपनाई यसलाई उद्देश्यमूलक बनाउनका निम्ति गोलाप्रथाबाट स्रोतकेन्द्र छनोट गरी उद्देश्यमूलक नमुना छनोट विधिको अधिकतम मात्रामा प्रयोग गरी शोधपत्र तयार पारिएको छ । यस शोधपत्र तयार पार्दा आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्न प्राथमिक तथ्याङ्कहरू विद्यालयमा नै गरी प्र.अ., वि.व्य.स.का अध्यक्ष तथा शिक्षकहरूसँग प्रत्यक्ष अन्तर्वार्ताबाट सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्कहरू विद्यालयका विभिन्न अभिलेखहरूबाट सङ्कलन गरिएको छ । यी तथ्याङ्कहरू सङ्कलन गर्नका लागि अन्तर्वार्ता, अवलोकन, प्रश्नावली जस्ता साधनहरूको प्रयोग गरिएको छ ।

यस शोधपत्र तयार पार्ने सन्दर्भमा तथ्याङ्कहरू सङ्कलन गरिसकेपश्चात् आ.व.२०६९/०७० र २०७०/०७१ को जम्मा ४ वटा विद्यालयहरू क्रमशः श्री बालसेवा प्रा.वि., श्री सरस्वती प्रा.वि., श्री सिंहदेवी प्रा.वि. र श्री सिद्धेश्वरी प्रा.वि.का आय र व्यय विवरणको विविध कोणबाट अध्ययन विश्लेषण गर्दा अधिकांश आम्दानीको हिस्सा शिक्षक तलब भत्तामा खर्च हुन पुगेको, ती विद्यालयहरूको ठूलो स्रोत जिल्ला शिक्षा कार्यालयद्वारा प्रदान गरिने सरकारी अनुदान नै रहेको, निकासा गरिएका रकम शीर्षक अनुरूप नै खर्च हुने

*गरेको, आर्थिक स्रोतको कमीले आवश्यक जनशक्ति व्यवस्थापन गर्न नसक्दा शैक्षणिक कार्य प्रभावित बनेको देखिएको छ ।*

*प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा गरिएको विश्लेषणबाट नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि प्रस्तुत गरिएका सुझावहरूमा यस्ता सामुदायिक विद्यालयहरूमा विद्यार्थी शिक्षक अनुपात मिलान गर्नुपर्ने, पि.सि.एफ. तथा स्थानीय निकायहरूले आर्थिक सहयोग गर्नुपर्ने, शिक्षक, प्र.अ.हरूलाई व्यवस्थापकीय तालिम दिइरहनु पर्ने, विद्यालयहरूमा आर्थिक समस्या पर्नुका कारण अभिभावकहरूको कमजोर आर्थिक अवस्था भएकाले आय वृद्धिका विविध कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।*

## विषयसूची


| | पृष्ठ |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | ङ-च |
| **परिच्छेद : एक** | |
| **परिचय** | **१-१०** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अनुसन्धान प्रश्नहरू | ९ |
| १.६ अध्ययनको परिसीमा | ९ |
| १.७ मुख्य शब्दावलीहरूको परिभाषा | १० |
| **परिच्छेद : दुई** | |
| **सैद्धान्तिक साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका** | **११-१८** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १४ |
| २.३ पुनरावलोकनको उपादेयता | १७ |
| **परिच्छेद : तीन** | |
| **अध्ययन विधि र प्रक्रिया** | **१९-२१** |
| ३.१ अनुसन्धान ढाँचा | १९ |
| ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट | १९ |
| ३.३ तथ्याङ्कको स्रोतहरू | १९ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू | २० |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | २१ |
| ३.६ तथ्याङ्क विश्लेषण विधि | २१ |

## परिच्छेद : चार

**नतिजाको छलफल** २२-४६

४.१ सञ्चालन अनुमति प्राप्त सामुदायिक प्राथमिक विद्यालयको आर्थिक स्रोत पहिचान २२

४.२ आर्थिक स्रोत व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरू ३५

४.३ सञ्चालन अनुमति प्राप्त प्राथमिक विद्यालयको वित्तीय व्यवस्थापनमा देखा परेका समस्याहरू ३८

४.४ आर्थिक व्यवस्थापन सम्बन्धी समस्या समाधानका उपायहरू ४१

४.५ प्राप्ति ४४

## परिच्छेद : पाँच

**निष्कर्ष र सुझावहरू** ४७-५०

५.१ निष्कर्ष ४७

५.२ सुझावहरू ४८

सन्दर्भसूची

अनुसूचीहरू